# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चंखेली गाउँपालिका

हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चंखेली गाउँपालिका

हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## चंखेली गाउँपालिका

### हुम्ला

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. : ३६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,

चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

हुम्ला ।

**कैफियत सहितको राय**

हामीले चंखेली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.९ करोड ४८ लाख ३५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९८ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड ३१ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १० लाख ४८ हजार र पेश्की रु.१ करोड ७ लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.११ करोड ३४ लाख ८० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड ८३ लाख १५ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# चंखेली गाउँपालिका, हुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | २२५ | ९४८३५ | ० | ० | ० | २६ | २२५ | ९४८३५ | ९८३४ | २१०४८ | ५३१७३ | ० | ० | ७४२२१ | १०७८० |

### 1.2 प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चंखेली गाउँपालिका हुम्ला | ११३४८० | ० | ० | ११३४८० | ० | ९४८३५ | २०८३१५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चंखेली गाउँपालिका, हुम्ला , चंखेली गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बिष्णु बहादुर शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नविन रेग्मी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९४,८३४,६८७.८९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७९,९५,३८९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २४,८७,५७,८७१.७५ | **चालु खर्च** | १८,६६,८१,३२४.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६५,६६,००० | **पूँजीगत खर्च** | १४,२१,५२,८८८.२५ |
| **राजश्व बाँडफाँट** | ४,७८,३१,७५७ | **वित्तीय/अन्य व्यवस्था** | ६,३३,७४,८८७.५१ |
| **आन्तरिक आय** | ० | | |
| **अन्य आय** | ६,२८,११,५६७.२५ | | |
| **कुल आय** | ३८,५९,६७,१९६ | **कुल खर्च** | ३९,२२,०९,१००.२७ |
| **बाँकी मौज्दात** | | १७,५३,४८५.२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।<br>**एकिकृत आय-व्यय विवरण** | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ७९९५३८९.३० | १ | **चालु खर्च** | | १८६६८१३२४.५१ |
| | क) धरौटी मौज्दात | १६८७०००.० | | २ | **पूँजीगत खर्च** | | १४२१५२८८८.२५ |
| | ख) बैंङ्क मौज्दात | ६३०८३८९ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| | ग) प्रकोप व्यवस्थापन | | | | | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ४७८३१७५७ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ९७५०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४७५८९९००.८९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | १४४३५७.३६ | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | २४८७५७८७१.७५ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६८६००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १४७७९७००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ५२६५८६७.५० | | ५ | **धरौटी फिर्ता** | | ९७८३२०.० |
| | घ) विशेष अनुदान | २७०९५००४.० | | ६ | **जेष्ठनागरिक सामाजिक सुरक्षा** | | ३१५५४५६७ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २६५६६०००.० | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६१५९०००.० | | 7 | **विषयगत निकायबाट प्राप्त** | | ३०८४२०००.० |
| | ख) सशर्त अनुदान | ११४९७०००. | | ८ | **मौज्दात** | | |
| | ग) समपुरक अनुदान | ५४१३०००.० | | | क) बैंक मौज्दात | | १०४४८०५.२९ |
| | घ) विशेष अनुदान | ३४९७०००.० | | | ख) नगद मौज्दात | | |
| | **PLGSP अनुदान** | | ४१५०००.० | | | | |
| ५ | **जेष्ठनागरिक सामाजिक सुरक्षा** | ३१५५४५६७. | ३१५५४५६७. | ९ | **धरौटी मौज्दात** | | ७०८६८०.० |
| 6 | **विषयगत निकायबाट प्राप्त** | ३०८४२०००.० | ३०८४२०००.० | | | | |
| 7 | **धरौटी आय** | | ० | | | | |
| | **जम्मा** | | **३९३९६२५८५.०५** | | **जम्मा** | | **३९३९६२५८५.०५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **लेखापरीक्षणको सिमा**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| ३ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १३१०.४१वर्ग किलोमिटर क्षेत्रफल तथा ५,५१७ जना जनसंख्या रहेको छ । | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>अग्रीम कर, आय कर, बहाल कर तथा पारिश्रमिक कर वापत रु= २,९७,२६५=०० लेखापरीक्षणको क्रममा असुल भई बेरुजु खातामा दाखिला भएको छ । | |
| ५ | | | **एउटा मात्र सुविधा पाउनेः –**<br>प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । साथै पदाधिकारीहरुबाट यस प्रकारको प्रकारको सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन । | |
| ६ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,२१,५२,८८८.२५ पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>भ्रमण खर्च<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<ul><li>अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।</li><li>नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।</li><li>भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाँउगाउँपालिमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको</li><li>कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाँउगाउँपालिमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</li></ul>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>पदाधिकारी सुविधाः –<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीहरूलाई मासिक सुविधा वापत यस आ व मा श्रावण देखि वैशाख सम्मको रु. ३४,९७,०००/- र जेष्ठ ६ देखि आषाढको रु ५,५१,२६०/- गरी जम्मा रु. ४०,४८,२६०/- खर्च लेखेको देखियो।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सामाजिक सुरक्षाः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउंपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु.३,१५,५४,५७६.० बैंक पठाएकोमा बैंकले रु.२,९३,५३,४४०.० मात्र वितरण गरी रु.२२,०१,१३६.० मौज्दात नै राखेको देखियो । उक्त रकम संघिय संचित कोष दाखिला गर्नु पर्दछ रु. | २,२०१,१३६ |
| ९.२ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धीत बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ । | |
| १० | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।<br>• ·स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण गाउँपालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |
| ११ | | | **संघिय सरकारको अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम (४५) अनुसार संघिय संचित कोषबाट स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानिय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।तर गाउंपालिकाले संघिय सशर्त अनुदानमा खर्च गरी बांकी रहेको रकम संघिय संचित कोषमा फिर्ता नगरेको रु. | २,५११,१३२.७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कर दाखिला नभएको**<br>आयकर ऐन,२०५८ को दफा ९०(१) मा कर कट्टा गर्नुपर्ने संस्थाले प्रत्येक महिना समाप्त भएको पन्ध्र भित्र विभिन्न कुराहरु खुलाई विभागले तोकेको तरिका र ढांचामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।गाउंपालिका कार्यालयले विभिन्न समयमा कट्टि गरी राखेको अग्रिम कर, मुल्य अभिवृद्धी कर, आयकर र सामाजिक सुरक्षा कर समेत रु.५५,५७,२५१.० दाखिला गरेको नदेखिएकोले दाखिला गर्नुपर्ने रु. | ५,५५७,२५१ |
| १३ | | | **संचय कोष दाखिला नभएको**<br>निजामति सेवा ऐन,२०४९ अनुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा कट्टी गरेको विमा, ना.ल.कोष, उपदान कोष, क.सं.कोष रकम समयमा सम्वन्धित खाताहरुमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरिएको विमा, ना.ल.कोष, उपदान, क.सं.कोष खातामा जम्मा गर्नुपर्ने रु.२४,६५,५३१.९२ दाखिला गरेको नदेखिएकोले सम्वन्धित खातामा जम्मा गर्नुपर्ने देखिएको रु. | २,४६५,५३१.९२ |
| १४ | | | **सुत्र(SUTRA)को प्रयोग**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा लेखा स्थानिय संचित कोष व्यवस्थापन प्रणालीमार्फत राख्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले खर्च गरेको कुल खर्च रु.३२,८८,३४,२१२.७६ मध्ये रु.१२,११,२९,१११.६४ सम्मको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली मार्फत लेखा राखेको र बांकी २०,७७,०५,१०१.१२ को म्यानुअल प्रणालीमा लेखा राखेकोले स्थानिय संचित कोष व्यवस्थापन प्रणालीबाट प्राप्त गर्न सकिने वित्तिय प्रतिवेदन प्रणाली यथार्थपरक र विश्वसनिय हुन सकेको देखिएन । यस तर्फ तत्काल सुधार गरी गाउंपालिकामा हुने सम्पुर्ण आर्थिक कारोवारलाई स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)मार्फत गर्नु पर्दछ । | |
| १५ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन\ :<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नोक्षेत्रभित्रको आधारभुत तथ्यांक संङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ,<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । सउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• · वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• ·कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• ·सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामतीसेवाऐन 2049 कोदफा 7 ख 2 वमोजिमतलविप्रतिवेदनपारितगराएरमात्रतलवभत्ताभुक्तानीगर्नुपर्नेमाकार्यालयलेतलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• ·मुल्यअभिवृद्धि कर नियमावली,२०५३ बमोजिम मुल्य अभिवृद्धि कर भुक्तानी भएका फर्मको जानकारी नगराएको ।<br>• ·भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा नल्याएको ।<br>• खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्मसँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको।<br>• अन्तिम तथा आन्तरीक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट नगरेको ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको ।<br>• कार्यालय प्रमुख, लेखा प्रमुख तथा गाउँपालिकका पदाधिकारीको नाममा पेश्की दिने गरेको ।<br><br>गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक गाउँपालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **आन्तरीक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।तर गाउंपालिकाले यस वर्षको सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यवस्था बमोजिम आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ । | |
| १८ | | | **राजस्व संकलक नियुक्तीः –**<br>कर्णाली प्रदेश सभाद्वारा बनेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ मा यस कर्णाली प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार तथा भान्से राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले राजस्व संकलक पदमा उज्वल ऐडिलाई नियुक्ती गरी मासिक २८,६१०.० का दरले तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरी वार्षिक रु. ३,८६,९३०.० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ३८६,९३० |
| १९ | | | **ऐनको कार्यान्वयन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7)मा गाउँपालिकाले गाउँसभाबाट स्विकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७4(5)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्विकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्विकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **खर्च विश्लेषण**<br>गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.९७५००.०, राजस्व बाँडफाँड र अनुदानबाट रु.३२,२९,३६,१०९.७५ समेत रु.३२,३०,३३.६१९.७५ आम्दानी भएकोमा चालु तर्फ रु.१८,६६,८१,३२४.५१ र पूँजिगत तर्फ रु.१४,२१,५२,८८८.२५ समेत रु.३२,८८,३४,२१२.७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०२९ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.४०,४८,२६०.० खर्च भएको छ जुन आन्तरिक आयको ४०५२ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७ प्रतिशत चालु र ४३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| २१ | | | **जिन्सी व्यवस्थापन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधि लगत अद्यावधिक गर्नु, गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालयमा रहेका, आर्थिक वर्ष भित्र खरिद भएका, कुनै प्रकारले हस्तान्तरण भई आएका, भुतपुर्व पदाधिकारी, अवकाश प्राप्त वा सरुवा भई गएका कर्मचारीहरुले बरबुझारथ गरेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारी साधन र अन्य फर्निचर जस्ता जिन्सी सामानहरु आम्दानी बांधि लगत अद्यावधिक गरेको देखिएन । यसरी जिन्सी मालसामानको लगत अद्यावधिक नगर्दा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २२ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, 2074 को दफा 45 मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २३ | | | **भुक्तानी**<br>आर्थिक कार्यविधी ऐन, २०६४ को नियम ७६(4)मा माल सामान खरिद सम्बन्धी पेश्की दिनुपरेमा साधारणतया कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई पेस्की दिन नहुने उल्लेख छ। यस गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रममा सम्बन्धित पार्टीलाई सोझैं भुक्तानी नदिई कार्यालय प्रमुख र लेखा प्रमुखको खातामा जम्मा गरी निजहरुको खाताबाट सम्बन्धित पार्टीलाई दिने गरेको देखियो । यसरी सम्बन्धित पार्टीलाई सोझै भुक्तानी नगरी कार्यालय प्रमुख र लेखा प्रमुखको को खातामा रकम जम्मा गर्ने कार्य नियम विपरित देखियो । कार्यक्रम सञ्चालन भइसकेपछि सोझै सम्बन्धित पार्टीको खातामा रकम जम्मा गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् :
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>५०</td><td>१००</td><td>४५</td><td>५०</td><td>६</td><td>२५१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा २५१ वटा योजना संचालन गरेकोमा रु.5 लाख भन्दा मुनिका मात्र १९५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>राजश्व अभिलेख<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | | ११०५,७९८ |

**विल भरपाईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनुपर्ने अन्यथा देहायअनुसार विल भरपाई नभएको रकम असुल हुनुपर्ने देखिएको रु.

| बजेट शिर्षक | गो भौ र मिति | भुक्तानी विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | विल भरपाई नपुग भएको |
|---|---|---|---|---|---|
| सशर्त चालु | | | | | |
| | ९३।२०७९।३।३१ | मिम भियाल। लघु उद्यम विकास | | २२६७०००.० | ७६४९९.० |
| | ९०।०७९।३।३० | स्वास्थ्य तर्फ। जयलाल बुढा | | २२९९२००.० | ६२८००.० |
| | ९२।०७९।३।३१ | कालिवाने बुढा ।औखर तथा स्याउ पकेट | | ४४०००००.० | ५५२००.० |
| गाउंपालिका चालु | ९४/०७९।३।१४ | पदाधिकारी तथा कर्मचारी | गाउँपालिकाको बैठक | ३६००० | ३६००० |
| | १३।७८।६।२० | श्रेस्ता पेश नभएको | अनुगमन | | ७३२०००.० |
| | २२।०७८।०२५ | “ “ | अनुगमन | | ३२४०००. |
| | ४२।०७८।१०।१४ | “ “ | अनुगमन | | ३५९००० |
| | ४३।०७८।१०।१४ | “ “ | अनुगमन | | २३९०००.० |
| | ७३।०७९।१।१५ | “ “ | करारसेवा शुल्क | | ७९०५२०.० |
| | ८३।०७९।२।९ | “ “ | हेलिभाडा | | ३२००००.० |
| | | “ “ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १०४।०७९।३।१५ | | कार्यक्रम खर्च | | ५०००००.० | |
| | | | | १२४।०७९।३।२० | “ “ | हेली भाडा | | ४२००००.० | |
| | | | | १३६।०७९।३।२५ | “ “ | करारसेवा शुल्क | | ४३६८६०.० | |
| | | | | १३७।०७९।३।२५ | “ “ | विविध खर्च | | २५००००.० | |
| | | | | १३९।०७९।३।२५ | “ “ | अनुगमन | | ७०००००.० | |
| | | | | १५०।०७९।३।२९ | “ “ | अनुगमन | | ७०००००.० | |
| | | | | १००/०७९।३।१४ | निसा कम्प्यूटर (जिन्सी दाखिला नभएको) | टोनर तथा पेन ड्राइभ | ८७१५० | ८७१५० | |
| | | | | १३१/०७९।३।२५ | विविध (जिन्सी दाखिला नभएको) | सामग्री खरिद | २७३००० | २७३००० | |
| | | | | १३१/०७९।३।२५ | स्वास्थ्य ईकाइहरुलाई खर्च | प्रशासनिक खर्च | १५०००००० | १५०००००० | |
| | | | | १७६/०७९।३।३१ | विविध | विभिन्न कार्यालय सामग्री खरिद | ९९०५० | ९९०५० | |
| | | | | १७७/०७९।३।३१ | विविध | | २५८८५० | २५८८५० | |
| | | | | ४९/२०७८।१०।१४ | जुना कुमारी शर्मा | भ्रमण खर्च | १३३५१५ | ५३३१५ | |
| | | | | १६५/२०७९।०३।३१ | मान बहादुर ऐडि | कार्यालय सामाग्रि | १६४२३५ | १६४२३५ | |
| | | | | १६४/२०८९।०३।३१ | कालिवाने बुढा | कार्यालय सामाग्रि | ५०००० | ५०००० | |
| | | | गाउंपालिका पुंजिगत | १४।०७८।११।२ | | ल्यापटप, आईप्याड (दाखिला नभएको) | २४९९३७.० | २४९९३७.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८१।०७९।३।३० | योजनामा भुक्तानी | प्राविधक विल पेश नभएको | ८००००.० | ८००००.० |
| | १३४।०७९।३।३१ | | फर्नीचर खरिद (दाखिला नभएको) | १०००००.० | १०००००.० |
| | १३८।०७९।३।३१ | ल्यापटप तथा फर्निचर खरिद | फर्नीचर खरिद (दाखिला नभएको) | ३०००००.० | ३०००००.० |
| संघीय पुंजिगत | | कन्टिन्जेन्सी खर्च | | १०५२०००.० | ६८८३८२.० |
| जम्मा | | | | | **९९,०५,७९८.०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **भुक्तानीमा करः**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्नेरु. | ३८६,२६९ |

| बजेट उपशिक नं. | भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी विवरण | असुल हुनुपर्ने रू. | कैफियत |
|---|---|---|---|---|---|
| संघीय चालु | ४८।०७९।२।१३ | पारिश्रमिक तथा विल भरपाई।मिम भियाल | सामाजिक सुरक्षा कर | ४०२७. | |
| | | मिम भियाल | अग्रीम कर | ४५२७. | |
| | | " " | पारिश्रमिक कर | ४२७५. | |
| | ९३।३।३१ | लघु उद्यम विकास | | | |
| | | मिम भियाल | सामाजिक सुरक्षा कर | ७१७६. | |
| | | " " | बहाल कर | ४०७२. | |
| | | " " | अग्रीम कर | २१७७७. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | " " | पारिश्रमिक कर | ३४८००. | | |
| | | | | ९०।०७९।३।३० | जयलाल बूढा | पारिश्रमिक कर | १४५५. | | |
| | | | | | | बहाल कर | ५७००. | | |
| | | | | ८९।०७९।३।३० | महेन्द्र चौलागाई | सामाजिक सुरक्षा कर | ३२८०. | | |
| | | | | | " " | पारिश्रमिक कर | ६६००. | | |
| | | | | ९२।०७९।३।३१ | कालिवाने बुढा ।औखर तथा स्याउ पकेट | अग्रिम कर | ६५१७२. | | |
| | | | गाउंपालिका चालु | १०४/०७९।०३।१४ | | गाडी भाडा | ३५५० | | |
| | | | | १५८/०७९।३।३१ | महेन्द्र बहादुर शाही | पे फ | १२७८५ | | |
| | | | | १९/२०७८।१०।०७ | मनकामना ढुवानी सेवा | ढुवानी | ८५०० | वहाल कर | |
| | | | | ४९/२०७८।१०।१४ | जुना कुमारी शाही | गाडी रिजर्भ | ५००० | वहाल कर | |
| | | | | १४७/२०७९।०३।२९ | गणेश ढुवानी सेवा | फर्निचर ढुवानी | १७२५ | वहाल कर कम कट्टी | |
| | | | | १४९/२०७९।०३।२९ | गोरख रावल | भ्रमण भत्ता भुक्तानीमा गाडी रिजर्भ | १९०० | वहाल कर | |
| | | | | १५१/२०७९। | गिर्वाण शाही | कम कर कट्टी | ५१०० | वहाल कर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०३।३१ | | | | | |
| | | | | १६५/२०७९। ०३।३१ | मान बहादुर ऐडी | वडा संचालन पे फ र भुक्तानी | ५७६०० | जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी नगरेको | |
| | | | | १६४/२०७९। ०३।३१ | कालिबाने बुढा | कार्यक्रम खर्च पे फ | १७००१ | विभिन्न कर | |
| | | | | १६९/२०७९। ०३।३१ | हस्त बहादुर शाही | वडा संचालन भुक्तानी | १७१४० | | |
| | | | | २१/२०७८। ०९।२५ | मनकामना ढुवानी सेवा | कार्यक्रक खर्च | ८७५० | वहाल कर | |
| | | | | | नविन फार्मेसि | | ७६८० | अग्रिम कर | |
| | | | | १५६/०७९।३। ३१ | सिह बहादुर तामाङ | पे फ | १५०१० | | |
| | | | | १५९/०७९।३। ३१ | विर बहादुर बोहोरा | पे फ | ५१७५ | | |
| | | | | १७१/०७९।३। ३१ | धर्मजित थापा | पे फ | ४१०८ | | |
| | | | गाउंपालिका पुंजिगत | १९।०७९।३। ३२ | फर्निचर खरिद | | ३६६९१ | | |
| | | | | ३२।०७९।३। २७ | फर्निचर खरिद | | १५६९३ | | |
| | | | | | | **जम्मा** | **३८६२६९** . | | |
| ३० | | | **प्रयोजन नखुल्ने खर्चः–** | | | | | | ७,५००,७३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(क) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको सुनिश्चत भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रयोजन नखुलाई खाजा, खानाको विल संलग्न गरी रु. ७५,००,७३०/- भुक्तानी गरेको देखिएकोले उक्त खर्चलाई नियमसंगत मान्न नसकिएको रु. | |

| क्र.सं. | भौ.नं./मिति | भुक्रतानी पाउनेको नाम | भुक्तानीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६६/०७८।१२।५ | सुरेन्द्र बहादुर शाही | खाजा, खाना वापत | ३८५००० |
| २ | १७/०७८।१।१५ | | | ३७५००० |
